# कालिमाटी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ४ संख्याः ६ मितिः२०७९/०८/१९


### भाग-२

## कालिमाटी गाउँपालिका

## कालिमाटी गाउँपालिकाको संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः२०७९/०८/१५

कालिमाटी गाउँपालिका क्षेत्रभित्र सामाजिक, आर्थिक, वैज्ञानिक, शैक्षिक, साहित्यिक, सांस्कृतिक, बौद्धिक तथा परोपकारी गैरनाफामूलक संस्थाहरुको स्थापना वा दर्ता गर्ने तथा त्यस्ता संस्थाहरुको नियमित रुपमा नियमन र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (४) (ठ) ले दिएको अधिकार प्रयोग गरी कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९।०७।२३ गतेको निर्णय अनुसार यो कार्यविधि बनाई लागु गरिएको छ ।

१। **संक्षिप्त नाम र प्रारम्भः**) १( यस कार्यविधिको नाम *कालिमाटी गाउँपालिकाको संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७९* रहेको छ ।

)२( यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी कालिमाटी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

२। **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **स्थानीय तह** भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा (४) बमोजिम गठित गाउँपालिका सम्झनु पर्दछ ।

(ख) **गाउँपालिका** भन्नाले कालिमाटी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) **कार्यविधि** भन्नाले कालिमाटी गाउँपालिका क्षेत्रभित्र सामाजिक, आर्थिक, वैज्ञानिक, शैक्षिक, साहित्यिक, सांस्कृतिक, बौद्धिक तथा परोपकारी गैरनाफामूलक संस्थाहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएका संघ, संस्था, क्लव, मण्डल, परिषद्, अध्ययन केन्द्र, समूह आदि सम्झनु पर्दछ ।

(घ) **कार्यपालिका** भन्नाले कालिमाटी गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) **अध्यक्ष** भन्नाले कालिमाटी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) **उपाध्यक्ष** भन्नाले कालिमाटी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले कालिमाटी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) **कार्यालय** भन्नाले कालिमाटी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(झ) **सम्बन्धित शाखा** भन्नाले संघ संस्था दर्ता गर्ने जिम्मेवारी दिईएको शाखा सम्झनु पर्दछ ।

(ञ) **प्रवन्ध समिति** भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनु पर्दछ ।

३। **दर्ता नगरी संस्था खोल्न नहुनेः** यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न वा खोल्न पाईनेछैन ।

४। **संस्थाको दर्ता र नवीकरणः** (१) कालिमाटी गाउँपालिका क्षेत्रभित्र संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायका विवरण खुलाई संस्थाको विधानको एक प्रति र गाउँपालिकाले निर्धारण गरेको दस्तुर सहित *अनुसूची १* बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

(क) संस्थाको नाम

(ख) संस्थाको उद्देश्य

(ग) प्रवन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा

(घ) संस्थाको आर्थिक श्रोत

(ङ) संस्थाको कार्यालय रहने ठेगाना

(च) संस्थाको विधान ३ प्रति

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृत वा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा एक हप्ताभित्र रू. १,०००। .(अक्षरुपी एक हजार रुपैया मात्र)

शुल्क लिई *अनुसूची २* बमोजिमको दर्ता किताबमा संस्था दर्ता गरी प्रमाण पत्र दिइनेछ ।

(३) दफा २ बमोजिम दर्ता किताबमा संस्था दर्ता गरे पश्चात *अनुसूची ३* बमोजिम तोकिएको ढाँचामा प्रमाणपत्र दिइनेछ ।

(४) कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नवीकरण गरिसक्नुपर्नेछ । यदि ३ महिनाभित्र नवीकरण नगरेमा नविकरण शुल्कको सत प्रतिशत थप शुल्क लिई पौष मसान्त भित्र नवीकरण गरिनेछ । पौष मसान्तभित्र पनि नवीकरण नगरेमा दर्ता खारेज हुनेछ ।

५। **संगठित संस्था मानिने**ः) १( यस कार्यविधि अन्तर्गत दर्ता भएका प्रत्येक संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

६। **संस्थाको सम्पति**ः) १( संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा कार्यालयले त्यस्तो सम्पति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट जफत गरी संस्थालाई फिर्ता बुझाई दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पति फिर्ता गर्ने गरी कार्यालयले गरेको कारवाहीमा चित्त नबुझेमा चित्त

नबुझ्ने व्यक्तिले प्रचलित कानूनले तोके बमोजिम पुनरावेदन गर्नसक्नेछ ।

७। **यस कार्यविधि जारी हुनु भन्दा अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नेः** यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापित भई सञ्चालनमा रहेका संस्थाले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ३ महिनाभित्र यसै कार्यविधि बमोजिम दर्ता गराउनु पर्नेछ ।

८। **संस्थाको उद्देश्यहरु हेरफेरः**) १( संस्थाको उद्देश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अन्य कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा संस्थाको प्रवन्ध समितिले तत् सम्बन्धमा प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागु गर्न दर्ता गर्ने अधिकारीको पूर्व स्वीकृति लिनुपर्नेछ ।

९। **हिसावको विवरण पठाउनुपर्नेः** प्रवन्ध समितिले सामाजिक परीक्षण गरी आफ्नो संस्थाको हिसावको विवरण लेखापरीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र कालिमाटी गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

१०। **हिसाब जाँच गर्नेः** (१) कार्यालयले आवश्यक देखेमा संस्थाको हिसाब कार्यालयको अधिकार प्राप्त अधिकारीबाट जाँच गराउन सक्नेछ ।

(२) हिसाब जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकारीले कार्यालयले तोकेको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतलाई पेश गर्नुपर्नेछ । सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पति सो संस्थाको पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको देखिन आएमा गाउँ कार्यपालिकाको बैठकले सो को असुल उपर गर्न गराउन आदेश दिनेछ ।

११। **दण्ड सजायः** (१) दफा ३ बमोजिम गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता नगराई स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाको प्रवन्ध समितिको सदस्यहरुलाई कार्यालयले जनही दश हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण सहित प्रतिवेदन नपठाएमा प्रवन्ध समितिलाई जनही तीन हजार रुपैंया सम्म जरीवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उलंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई दण्ड सजाय गरिने छैन।

(३) दफा १० को उपदफा (२) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकार वा पदाधिकारीले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई कार्यालयले एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम कार्यालयको पूर्व स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा र कार्यालयले दिएको निर्देशन पालना

नगरेमा कार्यालयले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ।

१२। **पुनरावेदनः** दफा ११ बमोजिम कार्यालयले गरेको अन्तिम निर्णय उपर पैंतिस दिन भित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ।

१३। **संस्थाको विघठन र त्यसको परिणामः** (१) संस्थाको विधान बमोजिम कार्यालय सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणबस विघठन भएमा त्यस्तो संस्थाको जायजेथा कालिमाटी गाउँपालिकाको नाममा सर्नेछ।

(२) उपदफा (१) बमोजिम विघठन भएको संस्थाको दायित्वको हकमा संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्ने छ।

१४। **अधिकार प्रत्यायोजनः** यो कार्यविधि कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृतले अधिकृत स्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

१५। **खारेजी र बचाउः** (१) संघीय वा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानुन विपरित भएका दफा वा व्यवस्था सोही अनुसार खारेज वा परिमार्जन हुनेछन्।

(२) यस कार्यविधिलाई प्रतिस्थापन हुने गरी अर्को व्यवस्था लागु नभएसम्म यसै कार्यविधि अनुसार भए गरेको मानिने छ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय
रामपुर, सल्यान।

विषयः संस्था दर्ता गरिदिन हुन।

महोदय,

हामीले .................................. सम्बन्धी संस्था खोल्न चाहेकोले संघ संस्था दर्ता तथा सञ्चालन कार्यविधि, २०७९ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खुलाई निवेदन पेश गरेका छौं साथै प्रस्तावित संस्थाको विधानको एक प्रति यसैसाथ संलग्न गरिएको छ।

विवरणः

१। संस्थाको नाम, ठेगानाः

२। संस्थाको उद्देश्यः

ढकण
ढखण
ढगण

३। प्रबन्ध समितिका सदस्यहरूको विवरणः

| क.सं. | नाम, थर | ठेगाना | पेशा | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

४। संस्थाको आर्थिक स्रोतः

५। संलग्न कागजातहरूः

१। संस्थाको विधान

२। वडा कार्यालयको सिफारिस

३। प्रबन्ध समितिको पदाधिकारीहरु प्रत्येकको नागरिकताको प्रतिलिपि

४। संस्थाको छापको नमूना

**निवदेकको:**

हस्ताक्षरः

निवेदकको नाम थरः,

सम्पर्क नंः.

मितिः

अनुसूची-२

(दफा ४ को उपदफा २ सँग सम्बन्धित)

**संस्थाको दर्ता किताबको ढाँचा**

| दर्ता नं. | दर्ता मिति | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य र कार्यक्षेत्र | संस्थाको पदाधिकारी एवं सदस्यहरूको नाम, ठेगाना | सम्पर्क नं. | प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची-३

(दफा ४ को उदफा (३) सँग सम्बन्धित)

**संस्था दर्ताको प्रमाण-पत्रको ढाँचा**

**कालिमाटी गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**रामपुर, सल्यान**

**कर्णाली प्रदेश, नेपाल।**

## <u>संस्था दर्ता प्रमाण-पत्र</u>

संस्था दर्ता नंः ..................

श्री अध्यक्ष/सचिव

.......................................................................।

....................................................... संस्थालाई संघ संस्था दर्ता तथा सञ्चालन कार्यविधि, २०७९ को दफा ४ बमोजिम ......................................... साल ....................... महिना ........... गतेमा यस कार्यालयमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

<u>दर्ता गर्ने अधिकारीको</u>

दस्तखतः

नाम, थरः

पदः

मितिः

## नवीकरण

| नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर, रसिद नं. | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

आज्ञाले,
खिम बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत